नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- ०७४/७५
च. नं. :- ६१४

२०७५।२।२९

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन विभाग बबरमहल

विषय :- ताकेता सम्बन्धमा ।

श्री जिल्ला वन कार्यालय
सवै ।

यस मन्त्रालयबाट विभिन्न मितिमा भएका निर्णयद्वारा प्रदेश तथा स्थानीय तहमा खटाईएका कतिपय कर्मचारीहरु तोकिएको कार्यक्षेत्रमा नपुगेको भन्ने व्यापक गुनासो प्राप्त हुन आएकोक छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस मन्त्रालयबाट समेत प्रदेश र स्थानीय तहमा काम काज गर्न खटाइएका कर्मचारीहरुलाई रमाना गरिदिन पटक पटक ताकेता गरिसकिएको छ । यसरी ताकेता गर्दा समेत खटाईएको कर्मचारीहरु तोकिएको कार्यक्षेत्रमा रमाना लिएर नजाने, कार्यालय प्रमुखले समयमा रमाना नगरिदिने र रमाना लिइसकेको कर्मचारीहरु समेत अटेरी गरेर समयमा तोकिएको कार्यक्षेत्रमा नजाने प्रवृत्ति देखिएको छ ।

प्रदेश र स्थानीय तहमा खटाएका कर्मचारीहरुलाई २४ घण्टा भित्र रमाना गरी हाजिर हुन पठाउन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।२।२८ को निर्णय अनुसार अनुरोध छ भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६१६ मिति २०७५।२।२८ को पत्रबाट ताकेता भै आएको हुंदा प्रदेश र स्थानीय तहमा खटाएका कर्मचारीहरुलाई २४ घण्टा भित्र रमाना गरी हाजिर हुन पठाई सो को जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यस मन्त्रालयमा समेत दिनु हुन आदेश अनुसार अनुरोध छ भनि श्री वन तथा वातावरण मन्त्रालय (कर्मचारी प्रशासन शाखा) को प.सं. क.प्र.१४।२१।०७४।७५ नं. २५८४ मिति २०७५।२।२९ को पत्रबाट लेखि आएकोले सो वमोजिम गर्नु गराउन हुन आदेशानुसार अनुरोध छ ।

(सन्तोष कुमार पौडयाल
शाखा अधिकृत

वोधार्थ :
श्री वन तथा वातावरण मन्त्रालय
सिंहदरवार ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

प.सं. ०७५।७६
च.नं. ६९६

मिति : २०७५।२।२८

विषय : ताकेता सम्बन्धमा ।

वन तथा वातावरण मन्त्रालय
गो.व.नं.: ३८३६ मिति: २।२८
फा.द.नं.: ......... मिति: .........
समय: .........

प्रिय सहकारीज्यू,

यस मन्त्रालयबाट विभिन्न मितिमा भएका निर्णयद्वारा प्रदेश तथा स्थानीय तहमा खटाईएका कतिपय कर्मचारीहरु तोकिएको कार्यक्षेत्रमा नपुगेको भन्ने व्यापक गुनासो प्राप्त हुन आएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस मन्त्रालयबाट समेत प्रदेश र स्थानीय तहमा कामकाज गर्न खटाईएका कर्मचारीहरुलाई रमाना गरिदिन पटक पटक ताकेता गरिसकिएको छ । यसरी ताकेता गर्दा समेत खटाईएका कर्मचारीहरु तोकिएको कार्यक्षत्रमा रमाना लिएर नजाने, कार्यालय प्रमुखले समयमा रमाना नगरिदिने र रमाना लिइसकेको कर्मचारीहरु समेत अटेरी गरेर समयमा तोकिएको कार्यक्षेत्रमा नजाने प्रवृति देखिएको छ ।

प्रदेश र स्थानीय तहमा खटाएका कर्मचारीहरुलाई २४ घण्टा भित्र रमाना गरी हाजिर हुन पठाउन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७५।२।२८ को निर्णयानुसार अनुरोध छ ।

२०७५।२।२८
शंकर प्रसाद कोइराला
सचिव

श्री सचिव
वन तथा वातावरण मन्त्रालय, सिंहदरबार ।

**अवगतार्थ**
माननीय मन्त्रीज्यु
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।